
# राक्सिराङ्ग गाउँपालिका, मकवानपुर

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति

## आ.व.०७९-८० देखि ०८३-८४ सम्म




राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर
बागमती प्रदेश

## १.पृष्ठभूमि :

बागमती प्रदेश, मकवानपुर जिल्लाको **राक्सिराङ्ग गाउँपालिका**द्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशी किन ? बनाउने भन्ने प्रश्नहरु उठिरहदा, संवैधानिक एवं कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, (नेपालको संविधान २०७२ को धारा-१८ र ३८ ले गरेको व्यवस्था), प्रदेश सरकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन गर्न, (लैङ्गिक समानता नीति-०७८ महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सामाजिक समावेशीकरण नीति-०७७ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय), नेपाल सरकारले अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन गर्न, दीगो विकास लक्षका सुचकहरु कार्यान्वयन गर्न, (सुचक नं. १, ५, १० र १६) गाउँपालिकाबाट हुने सबै विकास र सेवा प्रवाहलाई संस्थागत लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण गर्दै लानका लागि यो **"लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मुलप्रवाहिकरण रणनीति"** तयार गरिएको छ ।

**संविधानको धारा १८** मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

सामाजिक र सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदीवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित बर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था, समान कामका लागि समान ज्याला, पैतृक सम्पत्तिमा सबै सन्तानको समान हक हुने । साथै शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा विभेद रहित हुने व्यवस्था गरेको छ । महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था समेत गरेको छ ।

**संविधानको धारा ३८** ले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ । सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ । राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था, वडा समितिको

काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था, विभिन्न समुदायहरु बीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्थालाई आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐले म कहाँ छु ? वर्तमान अवस्थाको विश्लेषण, दोश्रो अवम कहाँ र किन जाने ? लक्ष निर्धारण र तेश्रो त्यहाँ सम्म पुग्न कसरी सम्भव छ ? नीति तथा रणनीति तयारी गराउछ । तसर्थ यस राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्र अन्य विकास साझेदारहरुले आ-आफ्नो ढंगवाट लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभाव कारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचाल नहुने कार्यक्रम आयोजनाका लागि समेत मार्ग दर्शन हुने गरि यस राक्सिराङ्ग गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशी मुलप्रवाहिकरण रणनीति तयार गरिएको छ । यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु यसै गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु र गैह्र सरकारी संस्थाहरु हुने छन् ।

## १.१.राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त परिचय :

बागमती प्रदेश अर्न्तगत मकवानपुर जिल्लाका १० वटा पालिकाहरु मध्ये **राक्सिराङ्ग गाउँपालिका** एक हो । वि.सं.२०७३ सालमा नेपाल सरकार, संघीय मामिला र स्थानीय विकास मन्त्रालयद्वारा ७४३ स्थानीय तह वनाई कार्यान्वयन भए पश्चात यस राक्सिराङ्ग गाउँपालिकामा साविकका राक्सिराङ्ग, काँकडा, सरिखेत र खैराङ गाउँ विकास समितिलाई समावेश गरी ९ वटा वडाहरु हुने गरी **राक्सिराङ्ग गाउँपालिका** स्थापना भएको हो । क्षेत्रफलको हिसावले २२६.७० बर्ग कि.मी. रहेको यो भु-भागमा २६,१९२ जनाको वसोवास रहेको छ । यसको पूर्वमा- हेटौंडा उपमहानगरपालिका र कैलाश गा.पा., पश्चिममा- मनहरी गा.पा. र चितवान जिल्ला, उत्तरमा- धादिङ र चितवान जिल्ला, दक्षिणमा- हेटौंडा उपमहानगरपालिका र मनहरी गा.पा. रहेको छ । यस गाउँपालिकाको कार्यालय साविकको राक्सिराङ्ग गा.वि.स.को चैनपुर भन्ने स्थानमा रहेको छ ।

## २.अवस्था विश्लेषण :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीतिका लागि पहिलो चरणमा यस गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ४ वटा क्षेत्र निर्धारण गरिएको छ ।

### २.१.SWOT विश्लेषण

**राक्सिराङ्ग गाउँपालिका** लैससासको दृष्टिकोणवाट सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति तथा कानूनमा समाबेशीता, संस्थागत व्यवस्थामा समाबेशीता, मानव संसाधन तथा क्षमता विकासमा समाबेशीता, सेवा प्रवाहमा समाबेशीता र सुशासन तथा उत्तरदायीत्वमा समाबेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ ।

### (क) सवलपक्ष (Strength)

१. कानुन मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिले विश्लेषण गरिएको छ ।
२. स्थानीय कानूनमा लैससास सम्वन्धि प्रावधान रहेका छन ।
३. बार्षिक नीति तथा योजनामा लैससास सम्वन्धि विषयहरु समावेश गरिएका छन ।
४. कानूनमा महिला, किशोरी, बालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु अन्न्य गर्ने प्रावधान रहेका छन ।
५. योजना तर्जुमा गर्दा लक्षित वर्गको भेला गरेर योजना संकलन भएको छ । लक्षित वर्गकै उपस्थितिमा प्राथमिकिरण भएको पनि गरिन्छ । लक्षित वर्गले प्राथमिकतामा राखेका योजनाहरु पालिकाको प्राथमिकतामा परेका पनि छन ।
६. योजना तर्जुमा गर्नु पूर्व समस्या विश्लेषण गर्दा महिला पुरुष सहित अन्य लक्षित समुहको अवस्था छुट्टाछुट्टै विश्लेषण गरिएको छ । कार्यक्रम तय र वजेट विनियोजन भने भएको छैन ।
७. उपभोक्ता समितिमा लक्षित समुहका प्रतिनिधि अनिवार्य गरिएको छ । महिला सहभागिता चाहि कति ३५ प्रतिशत जती छ ।
८. स्थानीय तहको पदाधिकारीहरुमा महिलाहरु छैनन । कर्मचारीमा शाखा प्रमुखहरु ४ जना छन वडा अध्यक्ष छैनन ।
९. लैङ्गिक हिंसा निवारणका लागि कार्यालयले आचार संहिता वनाएको छ । सवै विषयलाई कार्यान्वयनमा ल्याउन सकिएको छैन । स्थानीय तहले गठन गर्ने समिति उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएको छ । समानुपातिक नै छ ।
१०. लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको छ । तर प्रभावकारी रुपमा कार्यान्वयनमा आएको छैन ।
११. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै लाभग्राहीहरुको विवरण अध्यावधिक राखेको छ ।

१२. महिला तथा लक्षित समुदाय केन्द्रित लोकसेवा र शिक्षक सेवा आयोग पुर्व तयारी कक्षाहरु संचालन भएका छन ।

१३. महिला हकहित र अधिकार सम्वन्धि वेइजिङ्ग घोषणा पत्रले समेटेका १२ प्रतिवद्धताका बारेमा पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ । वजेट विनियोजन भएको छैन ।

१४. समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातीगत छुवाछुत, वाल विवाह, बहुविवाह, दाइजो...) हटाउन स्थानीय तहले कार्यक्रमहर संचालन गरेको छ ।

१५. स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानुनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको छन ।

१६. स्थानीय तहले विपद् व्यवस्थापन सम्वन्धि मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गरेको छ । महिला, लक्षित वर्ग र समुदायसँग परामर्श गरिएको छ ।

१७. स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परम्परागत तथा आधुनिक उर्जा (विद्युत, वैकल्पीक उर्जा, सुधारिएको चुलो) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरु संचालन गरेको छ ।

१८. प्रजनन् स्वास्थ्य सम्वन्धि बार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयूक्त तथा खतरायूक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यान्वयनमा पोषण कार्यक्रम संचालन गरिएको छ ।

१९. परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्वन्धि विशेष कार्यक्रमहरु संचालन गरिएको छ ।

२०. महिला आर्थिक रुपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य विमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र वजेट व्यवस्था समेत गरिएको छ ।

२१. विद्यालय जाने उमेर समुहका सवै बालवालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाईएको छ ।

२२. निरक्षर महिलाहरुको लागि शिक्षा सम्वन्धि विशेष कार्यक्रमहरु संचालन गर्ने नीति तथा वजेटको व्यवस्था गरिएको छ ।

२३. विद्यालयमा छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरी प्याड, सावुन लगायत आवश्यक सामाग्रीको व्यवस्था गरिएको छ ।

२४. स्थानीय तहका कार्यालय तथा सार्वजनीक स्थलहरुमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था र सावुन तथा स्यानिटाइजर आदीको प्रवन्ध गरेको छ ।

२५. स्थानीय तहमा फोहोर व्यवस्थापनको लागि संकलन तथा विसर्जनका कार्यक्रमहरु भएका छन ।

२६. स्थानीय तहको आवधिक योजना, बार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्दा वेरोजगारी, महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक, सीपमूलक कार्यक्रमहरु समावेश भएका छन ।

२७. स्थानीय तहले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित वर्गलाई सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।
२८. राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन कार्यविधिका वारेमा लक्षित समुहलाई प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखिकरण भएको छ ।
२९. स्थानीय तहले गर्ने सार्वजानीक लेखापरिक्षण र सार्वजनीक सुनुवाई गर्दै आएको छ ।
३०. स्थानीय तहले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरिएकोछ
३१. स्थानीय तहमा सवैले नेपाली भाषा नै वुझ्ने हुनाले सोही भाषामा सूचना प्रसारण गर्ने गरिएको छ ।
३२. स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय गरि रहेको नै छ ।

## (ख) कमजोर पक्ष (Weakness)

१. आवधिक योजना वनेको छ । त्यसमा लैङ्गिक तथा सामाजिक समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र त्यसको मापन योग्य लक्ष समावेश गरिएको छैन ।
२. योजना तर्जुमामा महिलाका आवश्यकतालाई व्यवहारिक र रणनैतिक गरी दुई खण्डमा राखेर छलफल गर्ने गरिएको छैन । महिलाका कार्यवोझ हल्का पार्ने कार्यक्रमबाट र जीविकोपार्जनमा सहयोग पुग्ने सीप विकास र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिएका छैनन् ।
३. महिला पुरुष यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा आप्रवासी र रैथाने कामदार वीच श्रमको ज्यालामा हुने विभेद रोक्ने प्रावधानहरु राखेर कानूनहरु वनाएको छैन ।
४. लक्षित बर्गका लागि भनेर निश्चित प्रतिशत वजेट विनियोजन गरिएको छैन ।
५. लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी वजेट निर्माण भएको छैन । बार्षिक रुपमा **GESI** अडिटका लागि वजेट विनियोजन भएको छैन ।
६. दीगो विकास लक्षबारे पालिकामा छलफल भएको छैन । लक्ष ५ मा लैङ्गिक समानता र १६ मा सामाजिक समावेशीताका कुराहरु विश्लेषण गरि त्यसलाई स्थानीयकरण गरिएको छैन ।
७. स्थानीय तहले कर्मचारी पदपूर्ति गर्दा जात, लिङ्गका लागि आरक्षणको व्यवस्था गरिएको छैन । समानुपातिक प्रतिनिधित्व गराउने कुनै रणनीति लिएको छैन ।
८. महिला र लक्षित बर्गका भाषा सहित संवेदनशिल विषय वस्तु सुन्ने र वुझ्ने विषयमा केही व्यवस्था गरिएको छैन ।
९. महिला पुरुष तथा लक्षित वर्गको समविकासका लागि निश्चित कार्यनीति बनाएको छैन ।
१०. कार्यालयमा लैङ्गिक विकास हेर्ने छुट्टै इकाईको व्यवस्था गरिएको छैन ।
११. लैससास कार्यान्वयन समिति गठन गरिएको छैन ।
१२. महिला तथा लक्षित वर्गलाई सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धिका लागि नीतिगत व्यवस्था सहित वजेट विनियोजन गरिएको छैन ।

१३. स्थानीय तहले वडा तथा वस्ति स्तरको आधारभूत अण्डिकृत सुचना (जात, वर्ग, लिङ्गका आधारमा) संकलन तथा अध्यावधिक गरेको छैन ।

१४. पदाधिकारी तथा कर्मचारीहरुले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्वन्धी तालिम लिएका छन । तर त्यसको अभिलेख (कस्ले लियो कस्ले छैन भन्ने) राखेको छैन ।

१५. मानव संशाधन विकास केन्द्र (शाखा) स्थापना भएको छैन । जनशक्तिको व्यवस्था पर्याप्त नै छ

१६. महिलामा हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरेको छैन

१७. लैङ्गिक हिंसा मुक्त पालिका घोषणा भएको छैन ।

१८. विपद् व्यवस्थापन कोषको स्थापना भएको छ । प्रभावकारी रुपमा परिचालन भएको छैन ।

१९. भौतिक पुवौधारका ड्इङ डिजाईनमा महिला, बालिवालिका तथा अपाङ्गता भएका व्यक्तिहरुले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी महिला वालवालिका अपाङ्गतामैत्री संरचना निर्माणको प्रावधान राखेको छ । कार्यान्वयनमा आएको छैन र सो अनुसार निर्माण भएका पनि छैनन ।

२०. स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनीक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै स्तनपान कक्षको व्यवस्था भएको छैन ।

२१. ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, खाद्य प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्वन्धि प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति बनाएको छैन ।

२२. गरिव तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरुप सुपथ मूल्य सहकारी पसलहरुको व्यवस्थापन गर्ने स्थानीय तहको नीति छैन ।

२३. महिला अधिकार तथा समानताका लागि भएको वेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुको लागि कार्यक्रम र वजेटको व्यवस्था गरिएको छैन ।

२४. संयूक्त राष्ट्रसंघिय बाल अधिकार महासन्धी १९८९ मा उल्लेख भए अनुरुपका प्रतिवद्धताको कार्यान्वयन गर्न रकम विनियोजन भएको छैन ।

२५. स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको आचार संहिता वनाएको छैन ।

२६. स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सवै लक्षित वर्ग तथा समुदायले भने जती लाभ लिन सकेका छैनन ।

२७. स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्यांकन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण हुने गरेको छैन ।

२८. लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु वीच सञ्जाल निर्माण बनाएको छैन ।

२९. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धीको राष्ट्रिय कार्य योजना, संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्य योजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्य योजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यान्वयन भएको छैन ।

### (ग) अवसर (Opportunity)

१. प्रदेश तथा संघिय सरकारका नीति कानूनहरु लैससास कार्यान्वयनमा सहयोगी छन ।
२. जातीगत छुवाछुतलाई समाजले निरुत्साहन गर्ने गरेको छ ।
३. लैससास सम्वन्धी काम गर्ने अन्य गैह्रसरकारी संघसंस्थाहरु रहेका छन ।
४. वसाई सरी आउने संख्याले गर्दा समाजमा समस्या छैन ।
५. समिश्रण विभिन्न जातजातीको वसोवास रहेको छ ।
६. कानून कार्यविधि निर्माण गर्न सक्ने तथा कानून विषयका जनशक्ति पालिकामा छ ।
७. कर्मचारीहरुमा बाहुल्यता युवाहरुको छ ।
८. जनप्रतिनिधिहरुमा पनि बाहुल्यता युवाहरुकै छ ।
९. संघ तथा प्रदेशका मन्त्रीहरुसँग सिधा सम्पर्क र सम्वन्ध भएका जनप्रतिनिधिहरु छन ।
१०. आन्तरिक बजेट बार्षिक २० करोड जतीको छ ।
११. विद्यालयमा कृषि तथा नैतिक शिक्षा पढाई हुन्छ । २ वटा विद्यालयमा मात्र ।
१२. स्थानीय तहमा गरीवि मापनका सुचकहरु निर्धारण गरिएको छ ।

### (घ) चुनौतीहरु (Threat)

१. छोरा छोरी वीचको विभेदको अवस्था कायम छ ।
२. राष्ट्रिय गौरवका योजनाहरु यस पालिकामा परेका छैनन् ।
३. समान काममा श्रमको ज्याला महिलालाई कम दिने प्रचालन छ वाँकी नै छ ।
४. कानून कार्यान्वयन तथा योजना कार्यान्वयनमा उत्कृष्ट कार्य सम्पादन गर्ने शाखा तथा कर्मचारीलाई पुरस्कृत गर्ने प्रावधान छ । कार्यान्वयन छैन ।
५. कानून कार्यविधि निर्माण गर्न सक्ने तथा कानून विषयका जनशक्ति (जनप्रतिनिधि तथा कर्मचारीहरु) पालिकामा छैनन ।
६. हाल सम्म बनेका लैससास सम्वन्धी कानूनहरु कार्यान्वयनमा समस्या नै छ ।
७. कृषि पेशामा युवाहरुको आकर्षण छैन ।
८. दूर्व्यसनीमा युवाहरु फसेका छन । तथ्याङ्क भने राखेको छैन ।
९. सामाजिक सञ्जाल मार्फत छरिने भ्रमहरु चिर्नको लागि कुनै संयन्त्र विकास गरिएको छैन ।
१०. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई समाजले नकरात्मक दृष्टिकोण हेर्ने कम छ तर हेर्ने चलनको अन्त भएको छैन ।

## २.२.सरोकारवालाको पहिचान :

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क (पालिका भित्रका) पहिलो, स्थानीय स्तरमा सम्पर्क हुने (गाउँपालिका भित्र स्थापना भई कार्य गर्ने) दोश्रो, र पहुँचका आधारमा सम्पर्क हुने राष्ट्रिय र अर्न्तराष्ट्रियका तेश्रो सरोकारवाला गरी ३ भागमा विभाजन गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं.का सरोकारवालाहरु) | दोश्रो माध्यमवाट सम्पर्क हुने (दोश्रो नं.का सरोकारवालाहरु) | अप्रत्यक्ष सम्पर्क हुने (तेश्रो नं.का सरोकारवालाहरु) |
|---|---|---|
| १. प्रशासन शाखा, | १. विकास साझेदारहरु, | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेस प्रदेश, |
| २. योजना शाखा, | २. सहकारी संस्थाहरु, | २. प्रदेश मन्त्रालयहरु सवै, |
| ३. शिक्षा शाखा, | ३. बैक तथा वित्तीय संस्थाहरु, | ३. प्रदेश योजना आयोग, |
| ४. स्वास्थ्य शाखा, | ४. साना घरेलु उद्योगहरु, | ४. प्रदेश सुशासन केन्द्र, |
| ५. खानेपानी शाखा, | ५. कृषक समुहहरु, | ५. भूमी व्यवस्था आयोग, |
| ६. कृषि शाखा, | ६. वालक्लवहरु, | ६. संघीय मन्त्रालयहरु, |
| ७. पशु शाखा, | ७. आमासमूहहरु, | ७. महिला आयोग, |
| ८. लेखा शाखा, | ८. विद्यालयहरु, | ८. दलित आयोग, |
| ९. प्राविधिक शाखा, | ९. टोल विकास संस्थाहरु, | ९. मुस्लीम आयोग, |
| १०. विपद् व्यवस्थापन शाखा, | १०. गैह्रसरकारी संस्थाहरु, | १०. राष्ट्रिय योजना आयोग, |
| ११. सुचना तथा प्रविधि शाखा | ११. स्वयम सेवक समूहहरु, | ११. मानव अधिकार आयोग, |
| १२. आर्थिक,भूमि व्यवस्थापन शाखा, | १२. उद्योग वाणिज्य संघ, | १२. अन्तराष्ट्रिय दातृ निकायहरु, |
| १३. लघुउद्यम विकास शाखा | १३. राजनैतिक दलहरु, | १३. राष्ट्रिय स्तरका दातृ निकायहरु, |
| १४. सवै वडा कार्यालयहरु, | १४. स्थानीय संचार माद्यमहरु, | १४. राष्ट्रिय स्तरका संचार माद्यमहरु । |
| १५. गाउँ कार्यपालिका, | १५. रेडक्रस, | |
| १६. गाउँ सभा, | १६. विभिन्न आयोगहरु, | |
| १७. न्यायिक समिति, | १७. विषयगत कार्यालयहरु । | |
| १८. विषयगत समितिहरु सवै । | | |

## २.३. लक्षित वर्गको पहिचान :

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो । त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| महिला | एकल महिला | बालबालिका | जेष्ठ नागारिक |
| दलित | किसान | मजदुर | श्रमिक |
| विपन्न वर्ग | आदिवासी जनजाती | अपाङ्गता भएका व्यक्ति | अल्प संख्यक |
| द्वन्द्व पिडित | मधेशी | मुस्लिम | थारु |
| युवा | पिछडा वर्ग | सीमान्तकृत | विपन्न खस आर्य |
| उत्पीडित वर्ग | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | सुकुम्वासी | गर्भावस्थाका व्यक्ति |
| लोपोन्मुख जाती | अशक्त वा असहाय | एच.आई.भी. सक्रमित | विचविखनमा परेका व्यक्ति |

उल्लेखित ४ प्रकारको विश्लेषणवाट लैससासको क्षेत्रमा यस **राक्सिराङ्ग गाउँपालिका**को वर्तमान अवस्थाका सवै पक्षहरु प्रष्ट भएका छन् । सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीसंगै लैससास रणनीति कार्यान्वयनका लागि ३ प्रकारका सरोकारवालाहरु र सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । समग्रमा सवल पक्षहरु भन्दा कमजोर पक्षहरु केहि बढि देखिएका छन भने अवसर भन्दा चुनौतीहरु केही वढी देखिदा लैससासको रणनीतिमा (स्थानीय तहका आन्तरिक कमजोरीहरु र वाह्य चुनौतीहरु तुलनात्मक रुपमा धेरै छन भने र कमजोरी तथा चुनैतीलाई कसरी कम गर्ने भन्ने आधारमा रणनीति तयार गर्दा यसलाई WT रणनीति भनिन्छ) पहिचान भएका सवल पक्षहरुको श्रोत र शक्तिको रुपमा परिचालन गर्दै उपलब्ध अवसरहरुको सदुपयोगको माध्यमबाट कमजोरीलाई सवल र चुनौतिलाई अवसरमा परिणत गरि लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाई संस्थागत र सुदृढ पार्दै लक्ष प्राप्तिको लागि सोहि अनुरुपको WT रणनीति तयार गरिएको छ ।

## ३.दीर्घकालिन सोच (Vision)

**“लैङ्गिक समानता समातामुलक वितरण, विभेदमुक्त समाबेशी राक्सिराङ्ग गाउँपालिका”**

## ४.ध्येय (Mission)

विद्यमान महिला, पुरुष, लैङ्गिक अल्पसंख्यकलाई विभेदलाई न्यनिकरण गर्दै वर्ग, लिङ्ग, जात, धर्म, उमेर, क्षेत्र, भूगोल लगायतका क्षेत्रलाई समेटेर विकासको मुलप्रभावमा समाहित गरी समतामूलक समाजको निर्माण गर्ने ।

## ५.लक्ष (Goal)

लैङ्गिक, समावेशी, समतामूलक, न्यायोचित वितरणको माद्यमवाट वहिस्करणमा परेका वा पारिएका वर्गलाई विकासको मुलप्रवाहमा ल्याई लैससास विकास गर्दै लैजाने ।

## ६.उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको मान्यता अनुरुप गाउँपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउदै संस्थागत पद्धतीको विकास गर्नु ।

**रणनीतिका मुख्य उद्देश्यहरु :**

१. गाउँपालिकामा उपलब्ध श्रोत साधनहरुलाई लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
२. लैङ्गिक उत्तरदायी बजेट वनाई कार्यान्वयनमा ल्याउने ।
३. लैससास सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता लगायत सन्धि संभौताहरु कार्यान्वयनमा ल्याउने खालको नीति तथा कार्यक्रम बनाउने ।
४. लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने खालका नीति, कानून र कार्यक्रमहरु विकास गर्ने ।
५. संस्थागत व्यवस्था अन्र्तगत कार्य प्रणाली, वीत्त व्यवस्थापन एवं तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समाबेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्त गराउने ।
६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने ।

७. अनौपचारिक मूल्यमान्यता, कुसंस्कार विरुद्ध जनचेतना अभिवृद्धि हुने कार्यक्रमहरुको विकास गरी कार्यान्वयनका लागि वजेट विनियोजन गर्ने ।
८. आधारभुत आवश्यकतालाई सेवाप्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र सोही अनुसारको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७.लैङ्गिक तथा सामाजिक समाबेशीकरण नीति (GESI Policy)

माथि उल्लिखित उदेश्यहरु परिपूर्तीको लागि निम्नानुसारका नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि, वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवं सुशासनसंग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमीकमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।
३. महिलातथाबालबालिकासंग सम्बन्धीत सबै अर्न्तराष्ट्रिय, सन्धि संभ्फौताहरु, प्रतिवद्धताहरु तथादीगो विकास लक्षका सुचकहरुलाई स्थानीयकरण गरी कार्यान्वयनगर्दै लैजाने ।
४. गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका, कार्यविधिहरु, महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, दलित, लोपोन्मुख, सिमान्तकृत, आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
५. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधिका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना सचेतीकरण तथा क्षमता विकास गर्ने
६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने
८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
९. बालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
१०. मानव संसाधन विकास शाखा स्थापना गरि लैससासका लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।
११. निर्माण भएका संघीय, प्रदेश र स्थानीय कानून तथा कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई नियमित रुपमा अद्यावधिक गर्दै लैजाने ।
१२. सामाजमा रहेका बिद्यमान कुरीतिहरु विरुद्धका सचेतनामूलक कार्यक्रमलाई हरेक सामाजिक विकासका कृयाकलापहरुमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धी सूचकहरु निर्माण गरि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्ने ।

## ८.लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ ।

### ८.१.मूलप्रवाहिकरण :

क) महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख) लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२.समाबेशीकरण :

क) विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समाबेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३.स्थानीयकरण :

क) अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

### ८.४.सशक्तिकरण :

क) लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई प्राथमिकतासंगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग) स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ) कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

### ८.५.सचेतीकरण :

क) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणवारे संविधान, ऐन, कानून, नीति, कार्यविधि र दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समाबेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एक रुपता ल्याउने ।

ख) समाजमा विद्यमान कुरीति, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

**८.६.संस्थागत संरचना :**

क) संघीय तथा प्रादेशिक कानून, कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून र कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने

**८.७.समन्वय :**

क) विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा परिचालन, अनुगमन तथा मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

ख) संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

**८.८.सहकार्य :**

क) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका लागि गाउँपालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैंक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गर्ने ।

ख) संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हाशिल गर्न सहकार्य गर्ने

**८.९.सहजीकरण :**

क) वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक, सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन र मूल्याङ्कन सम्मका हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालन गर्ने ।

ख) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी संघसंस्था तथा विभिन्न प्रतिष्ठान, आयोग, समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

**८.१०.सामाजिक सुरक्षा :**

क) गाउँपालिका क्षेत्र भित्र रहेका नागरिकहरु जो आफ्नो सुरक्षा र संरक्षण आफै गर्न सक्दैन त्यस्ता नागरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु, सामजिक सुरक्षा अन्र्तगत अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातजातीहरु, दलित लगायतलाई संरक्षण, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

**८.११.अनुगमन तथा मूल्याङ्कन :**

क) प्रत्येक चरणमा गरिने अनुगमन र मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको एकिन गर्ने सुचक समेत थप गरी अनुगमन र मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

# ९.रणनैतिक कृयाकलापहरु:

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १. | गाउँपालिकामा उपलब्ध श्रोत साधनहरुलाई लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमीकमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङन गर्दै लैजाने | १) लक्षित वर्गको खण्डिकृत तथ्याङ्क संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने ।<br>२) कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुक ावारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने ।<br>३) जीविकोपार्जनसंग जोडिएका आर्थिक गतिविधिहरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br>४) संघ संस्थामा प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने ।<br>५) राजनैतिक नेतृत्व तथा जिम्मेवारी वाडफाँडमा महिला एवं लक्षित वर्गलाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने ।<br>६) महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका (व्यवहारिक आवश्यकता पुरा हुने) कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>७) महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका (शिक्षा रोजगारीसंग सम्बन्धीत) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने | १) लक्षित वर्गको वस्तुगत खण्डिकृत तथ्यांक वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२) कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवाग्राहीहरुलाई अभिमुखीकरण भएको हुनेछ ।<br>३) लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४) उपभोक्ता समिति, कार्यदलहरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ ।<br>५) कम्तिमा बर्षका १ पटक लक्षित वर्गको लागि लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी कक्षाहरु संचालन भएका हुनेछन् । | १) वार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका<br>२) कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३) गठित उपभोक्ता समितिको विवरण र कार्यवधि ।<br>४) कार्यपालिका बैठक तथा सभाका निर्णयहरु |
| २. | लैङ्गिक उत्तरदायी बजेट बनाई कार्यान्वयनमा ल्याउने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक, पुर्वाधार, प्राविधिक भूमीधार, गरिबी निवारण, तथा शान्ती एवं सुशासनसंग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | लैङ्गिक उत्तरदायीबजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने | १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२. योजनाको चरणमा नै लक्षित बर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी बजेट योजना तर्जूमा प्रकृयाबाट आवधिक योजनामा समावेश गरी पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>५. लैङ्गिक उत्तरदायी योजना तर्जुमामा सुचकहरु तयार गरी सोही आधारमा मापन र परीक्षणको आधारमा कार्यान्वयनका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।<br>७. सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | १. वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>२. लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिकाका वैठकका निर्णयहरु<br>५.सभाको निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने खालका नीति, कानून र कार्यक्रमहरु विकास गर्ने । | गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति, नियम, निर्देशिका, र कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, दलित, लोपोन्मूख, सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून, कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | १. लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३. महिला, पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु वीच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>४. योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>५. विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक सामाबेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६. कानून कार्यविधि तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका विषयहरुलाई समावेश गर्ने ।<br>७. सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | १. कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२. नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३. महिला पुरुष तथा रैथाने र आप्रवासीकामदाहरु वीच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४. विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>५. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६. समानुपातिक नेतृत्वका लागि कानूनी व्यवस्था भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका ।<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका ।<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन ।<br>४ सम्पूर्ण गतिविधिहरुको फोटोहरु |
| ४. | लैससास सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता लगायत सन्धि संझौताहरु कार्यान्वयनमा ल्याउने खालको नीति तथा कार्यक्रम बनाउने । | महिला तथा बालबालिकासंग सम्बन्धीत सवै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकासका लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकासका लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागु गर्ने । | १)दीगो विकासका लक्षका १७ वटा सुचकहरुका वारेमा कर्मचारी तथा पदाधिकारिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।<br>२) बेइजिङ सम्मेलनका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने ।<br>३) संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने ।<br>४) आवश्यक कानून तथा कार्यविधि तयार गर्ने ।<br>५) यी उल्लेखित कार्यक्रमका लागि वार्षिय रुपमा बजेट विनियोजन र कार्यान्वयन गर्ने । | १) दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धीहरुको अभिमुखीकरण भएको हुनेछ ।<br>२) अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>३) यी कार्यक्रमहरुका लागि बजेट विनियोजन भएको हुनेछ । | १) अभिमुखीकरण गोष्ठी, तालिम कार्यक्रमहरुको उपस्थिति विवरण,<br>२) वार्षिक नीति तथा कार्यक्रमको बजेट खर्च अभिलेख,<br>३) कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४) कार्यपालिका बैठक तथा सभाका निर्णयहरु र फोटोहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने । | मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै निर्माण भएका संघीय तथा स्थानीय कानून, कार्यविधिहरुको वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धिसंगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेश गरेर आत्मनिर्भर वनाउने । | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३. गाउँपालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समाबेशीकरण विषयलाई अकाट्य सवालको रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६. कार्य स्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्यदुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४. कार्य स्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यवहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेटको व्यवस्था ।<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि ।<br>३. कार्य स्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका निर्णय पुस्तिकाहरु<br>४. प्रत्यक्ष अवलोकन<br>५. दस्तावेजहरु |
| ६. | संस्थागत व्यवस्था अर्न्तगत कार्य प्रणाली, वीत्त व्यवस्थापन एवं तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्त गराउने । | लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गर्न, खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | महिला, लक्षित वर्ग बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थालाई संस्थागत रुपमा योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान कार्यमा समान अवसर र समस्याको सम्बोधनबाट मूलप्रवाहीकरण गर्न विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन लैससास मैत्री वनाउदै लैजाने । | १) संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमुखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२) लक्षित वर्गको जनप्रतिनिधि समावेस गरी विशेष सेवाप्रदायक कार्यदल गठन गर्ने । (महिला, जेष्ठ नागरिक, अल्पसंख्यक...)<br>३) महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४) कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका घट्ना नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने ।<br>५) आदिवासी जनजाती, दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>६) महिला,बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>७) स्थानीय संचारका माध्यम मार्फत लैससास सम्बन्धी सूचना एवं सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन र प्रशारण गर्ने ।<br>८) उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला, यौनिक तथा लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने | १)शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ<br>२) लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३) महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>४) यौन दुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५) महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>६) लैससास सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन भएको हुनेछ । | १)कार्यपालिकाका निर्णय पुस्तिका<br>२) विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३) महिला पुरुष समविकास कार्यनीति<br>४) महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५) कार्यक्रमका अडियो भिडियो, फोटो लगायतका सामाग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | आधारभुत आवश्यकतालाई सेवाप्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र सोही अनुसारको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कन लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको एकिन गर्ने सुचक समेत थप गरी अनुगमन र मूल्याङ्कनलाई लैससास मैत्रीवनाउदै लैजाने । | १) महिला साक्षारता कार्यक्रम संचालन गर्ने ।<br>२) शिक्षण अभ्याससंगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३) यौनिक अल्प संख्यकहरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाई पुग्ने गरी निर्माण गर्ने ।<br>४) स्वरोजगार वन्न चाहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालिम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।<br>५) आवश्यकवजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६) अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित बालमैत्री, अपाङ्गमैत्री....संरचनाहरु निर्माण गर्ने ।<br>७) जोखिम यूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहत प्याकेज ल्याउने ।<br>८) हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपमा सामाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br>९) हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | १) संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन ।<br>२) यौनिक अल्प संख्यकहरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३) वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने युवाहरुकालागि सीप विकास तालीम संचालन भएको हुनेछ ।<br>४) हरेक वन्ने संरचना समावेशी मैत्री हुनेछन ।<br>५) आर्थिक पारादर्शितामा निखार आएको हुनेछ । | १) वार्षिक प्रगती प्रतिवेदनहरु<br>२) तालीम सम्पन्न प्रतिवेदनहरु<br>३) कार्यपालिकाका निर्णयहरु<br>४) गाउँसभाका निर्णयहरु<br>५) अनुमगन मुल्याङ्न फारमहरु<br>६) सार्वजानीक सुनुवाई, लेखापरीक्षण, सामाजिक परिक्षणकाप्रतिवेदनहरु<br>७) बार्षिक अभिलेख र फोटोहरु । |
| ८. | अनौपचारिक मूल्यमान्यता, कुसंस्कार विरुद्ध जनचेतना अभिवृद्धि हुने कार्यक्रमहरुको विकास गरी कार्यान्वयनका लागि वजेट विनियोजन गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्प संख्यकहरुकालागि सेवा केन्द्र स्थापना गर्ने ।<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडिया, पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।<br>४. लैङ्गिक हिंसा निवारण आचार संहिता निर्माण र पालना गर्ने ।<br>५. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७. सामाजिक कुरीति विरुद्ध सचेतनामूलक कार्यक्रमको व्यवस्था मिलाउने । | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ ।<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्प संख्यकहरुकालागि सेवा केन्द्र स्थापना भएको हुनेछ ।<br>३.अन्तर जातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १. वार्षिक बजेट तथा नीति कार्यक्रमहरु ।<br>२. श्रव्य दृष्य सामाग्रीहरु<br>३. सामाजिक संजालमा गरिएका पोष्टहरु ।<br>४. अन्तर जातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख ।<br>५.प्रत्यक्ष अवलोकनका साथै (सेवा केन्द्र) ।<br>६. दस्तावेज र फोटोहरु |

१०.वीत्त व्यवस्थापन :

यस गाउँपालिकाको तयार भएको रणनैतिक कृयाकलापहरु संचालन र कार्यान्वयन गर्नका लागि वीत्तको आवश्यकता पर्ने हुँदा अतिरिक्त वाह्य श्रोत प्राप्त गरेर हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुबाट कार्यान्वयनमा लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण छ । लैससास मैत्रि वनाउन निम्न कार्यहरु गरिनेछ ।

क) लैससास लक्षित कार्यक्रमका लागि गाउँपालिकाले बार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख) भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग) लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ) स्थानीय तहमा कार्यरत विकास साभ्mेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ) स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरुसंग समन्वय गर्ने ।

च) संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अर्न्तगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ) सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११.**कानूनी व्यवस्था** :

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन र गाउँसभावाट पारित गराउनु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि गाउँपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तथापी गाउँसभाले पास गरी सके पछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन् ।

## १२.**रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व** :

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिकाका उप-प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समितिको हुनेछ । (लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको) सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ । आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान

गर्न सकिनेछ । राक्सिराङ्ग गाउँपालिकामा कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नु पर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईनेछ ।

## १३.रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था :

क) रणनीति कार्यान्वयनको सम्वन्धमा मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणसंग रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ

ख) गाउँपालिका भित्र कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग) गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्नेछ । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ब्यबस्था मिलाईनेछ ।

## १४.संभाव्य जोखीम र न्यूनीकरणकाउपायहरु:

### १४.१.संभाव्य जोखीम:

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसारका जोखिमहरुको आँकलन गरिएको छ ।

क) पितृ सत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालबालिकालाई मात्र प्राथमिकतामा राख्दछ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्दछ ।

ख) सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ ।

ग) लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्दछ

घ) लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुन सक्दछ ।

ङ) विषयगत शाखा तथा अन्य सरोकारवालाहरु वीच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुन सक्दछ ।

**१४.२.जोखीम न्यूनीकरणका उपायहरु :**

क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख) बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने ।

ग) गाउँपालिकाका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने ।

घ) विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने ।

१५.निश्कर्ष :

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण बिषय र यसको शव्दावली आफैमा धेरै महत्व वोकेको छ । पहिलो कुरा त यसको अर्थ, मर्म, भावमा कर्मचारी र जनप्रतिनिधिहरुलाई बुझाईमा एक रुपता ल्याउनु पर्ने देखिन्छ । अनि मात्र यसलाई कार्यान्वयन ल्याउन सकिन्छ भन्ने लागेको छ । स्थानीय जनप्रतिनिधिहरुको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, भाषिक अवस्था भिन्न भिन्न भएकोले पनि यो सवाल र मुद्धाको संवोधन गर्न कठिन देखिन्छ ।

निर्णय तह र कार्यान्वयनको चरणमा वास्तविक पिडा भोगेकोले मात्र महसुस गर्न सक्छ । नीति वनाउने मुख्य दायित्व जनप्रतिनिधिहरु र कार्यान्वयनमा कर्मचारीहरुको भुमिका हुने हुँदा निर्णय तहमा पुरुषकै बाहुल्यता रहेको सन्दर्भमा यो सहज रुपमा कार्यान्वयन गर्न चुनौती देखिन्छ ।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रसँगै संघिय संरचनाले आम मावनमा सकरात्मक सोचको विकास भएको छ । यसै विकासमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण पनि परेको देखिन्छ । तसर्थ यस राक्सिराङ्ग गाउँपालिकाले निर्माण गरेको लैससास रणनीति योजना सवै जनसेवक निर्वाचित जनप्रतिनिधीहरु, राष्ट्र सेवक कर्मचारीहरु, विकास प्रेम राजनीतिक दलहरु, समाज सेवी वुद्धिजीविहरु, ज्ञानका ज्योती वाड्ने शिक्षकहरु, समाजको सकरात्मक परिवर्तनका लागि कार्यरत सरोकारवाला संघसंस्थाहरुको सहकार्यमा यो लैससास रणनीति योजना सतप्रतिशत कार्यान्वयन हुने कुरामा विश्वासका साथ **"लैङ्गिक समानता समातामुलक वितरण, विभेदमुक्त समाबेशी राक्सिराङ्ग गाउँपालिका"** परिकल्पना पुरा हुनेछ ।

यस राक्सिराङ्ग गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, मुलप्रवाहिकरण रणनीति तयार गर्ने जनप्रतिनिधिहरु, कार्यपालिका सदस्य, कार्यरत कर्मचारीहरु, प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुचाउने हुने सवै-सवैमा हार्दिक कृतज्ञाता । नमन ॥।

***"धन्यवाद"***